6th OF FEB

आकाशवाणी

मुख्य समाचार

- परीक्षा पे चर्चाको आठौं संस्करण, आठवटा एपीसोडको एक नयाँ प्रारूपमा आयोजित गरिने
- छत्तीसगढमा गृहमन्त्रीले गर्नुभयो आचार्य विद्यसागरजी महाराजलाई श्रद्धाञ्जली अर्पण
- वैदेशिक यात्रा कानुनी प्रक्रिया अनुसार हुनुपर्ने: भारतीय विदेशमन्त्रीको भनाई
- दिल्ली विधानसभाको मतदानपछि ईभीएम सुरक्षित राखियो
- उत्तराखण्डमा जारी 38औं राष्ट्रिय खेलमा 29 स्वर्ण पदकसहित कर्नाटक शीर्ष स्थानमा

परीक्षा पे चर्चाको आठौं संस्करण, आठवटा एपीसोडको एक नयाँ प्रारूपमा आयोजित गरिने

परीक्षा पे चर्चाको आठौं संस्करण, आठवटा एपीसोडको एक नयाँ प्रारूपमा आयोजित गरिनेछ। यो कार्यक्रम नयाँ दिल्लीको भारत मण्डपममा यस महिनको दस तारीखका दिन आयोजित गरिनेछ। शिक्षा मंत्रालयले भनेको छ, नयाँ प्रारूपमा विभिन्न क्षेत्रहरूका प्रतिष्ठित व्यक्तित्वहरूले विद्यार्थीहरूसित कुराकानी गर्नेछन् र आफ्नो अनुभव अनि ज्ञान साझा गर्नेछन्। मंत्रालयले यस कार्यक्रममा प्रत्येक राज्य अनि केन्द्र शासित प्रदेशबाट 36 विद्यार्थीहरूको विभिन्न स्कूलहरूबाट चयन गरिएको जानकारी दिएको छ । यी विद्यार्थीहरूले प्रधानमन्त्री नरेन्द्र मोदीका साथ सीधै कुराकानी गर्नेछन्। पीक्षा पे चर्चाको पहिलो कड़ीमा प्रधानमंत्रीले विद्यार्थीहरूसित कुराकानी गर्नुह‌ुनेछ। यस कार्यक्रमको सीधा प्रसारण दुरदर्शन, स्वंयप्रभा, प्रधानमन्त्री कार्यलयको यूट्यूब च्यानल अनि शिक्षा तथा सूचना र प्रसारण मंत्रीलयका सोशल मीडीया चैनलहरूमा गरिनेछ। परीक्षा पे चर्चा एक संवादात्मक कार्यक्रम हो, जसमा भारत तथा विभिन्न देशका शिक्षक, विद्यार्थी अनि अभिभावकहरूले प्रधानमन्त्रीका साथ चर्चा गर्ने गर्छन् र जीवनलाई एक उत्सवको रूपमा मनाउनका लागि परीक्षाको तनाउबाट निस्कन सकारात्मक कुरा गर्ने गर्छन्। यस कार्यक्रमका लागि एक अनलाईन प्रतिष्पर्धा द्वारा 6 देखि बारह कक्षाका विद्यार्थी, शिक्षक अनि अभिभावकहरूको चयन गरिनेछ। यस वर्ष मंत्रालयलाई विद्यार्थी, शिक्षक अनि अभिभावकहरूको साढ़े तीन करोड़ भन्दा बढ़ि भागीदारहरूको आवेदन प्राप्त भएको छ।

छत्तीसगढमा गृहमन्त्रीले गर्नुभयो आचार्य विद्यसागरजी महाराजलाई श्रद्धाञ्जली अर्पण

भारतका गृह तथा सहकारिता मन्त्री अमित शाह, आज छत्तीसगढको डोंगरगढमा आयोजित आचार्य विद्यसागरजी महाराजको प्रथम समाधि स्मृति महोत्सव र श्री हजार आठ सिद्धचक्र विधान विश्व शान्ति महायज्ञमा सहभागी हुनुभयो। एचन्द्रगिरि तीर्थको यात्राका क्रममा श्री शाहले महा-मुनिराजको समाधिमा श्रद्धाञ्जली अर्पण पनि गर्नुभयो। यस अवसरमा श्रद्धालुहरूलाई सम्बोधन गर्दै गृह मन्त्री शाहले सत्य, अहिंसा र दानका मूल्यहरूलाई कायम राख्न समाजलाई एकजुट गर्ने आचार्य विद्यसागरजी महाराजको योगदानको प्रशंसा गर्नुभयो। यस कार्यक्रममा छत्तीसगढका मुख्यमन्त्री विष्णु देव साय र उपमुख्यमन्त्री विजय शर्मा समेत उपस्थित हुनुहुन्थ्यो।

वैदेशिक यात्रा कानुनी प्रक्रिया अनुसार हुनुपर्ने: भारतीय विदेशमन्त्रीको भनाई

भारतका विदेशमन्त्री डा. एस. जयशंकरले वैदेशिक यात्रा गर्दा कानुन र नियमको पालना गर्नु सामूहिक हितमा रहने बताउनु भएको छ। उहाले भन्नुभयो कि यदि कुनै राष्ट्रका नागरिकहरू अन्य देशमा अवैध रूपमा बसोबास गरिरहेको पाइएमा, तिनहरुलाई कारबाही गर्नु सम्बन्धित देशहरूको दायित्व हो, र यो अन्तर्राष्ट्रिय कानुनले स्वीकार गरेको सामान्य सिद्धान्त पनि हो। अमेरिकाबाट भारतीय नागरिकहरूलाई फिर्ता पठाउने विषयमा राज्यसभामा बोल्दै डा. जयशंकरले भन्नुभयो कि निर्वासन (डिपोर्टेशन) को प्रक्रिया कुनै नयाँ कुरा होइन र यो निरन्तर चल्ने प्रक्रिया हो।

प्रयागराज महाकुम्भमा जनजातीय युवा कुम्भको आयोजना

प्रयागराज महाकुम्भमा आज देखि जनजातीय सांस्कृतिक समागममा जनजातीय युवा कुम्भको आयोजना भइरहेको छ। देशभरबाट आठ हजारभन्दा बढी युवा, यस कार्यक्रममा सहभागी भइरहेका छन्। यस अवसरमा भारत सरकारका केन्द्रीय जनजातीय कार्य राज्यमन्त्री श्री

दुर्गादास पनि उपस्थित हुनुहुन्छ। पाँचदिने युवा कुम्भको क्रममा जनजातीय संस्कृति र परम्पराको संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गरिनेछ। यसैबीच, 13 जनवरी देखि सुरु भएको महाकुम्भमा अहिलेसम्म 39 करोडभन्दा बढी श्रद्धालु, त्रिवेणी संगममा आस्थाको डुब्की लगाइसकेका छन्।

दिल्ली विधानसभाको मतदानपछि ईभीएम सुरक्षित राखियो

दिल्ली विधानसभाको हिजो शान्तिपूर्ण मतदान सम्पन्न भएपछि सबै ईभीएमलाई स्ट्रङ रूममा सुरक्षित राखिएको छ। निर्वाचन आयोग र पुलिस अधिकारीहरू यसको निगरानीमा तैनाथ छन्। मतगणनाका लागि 11 जिल्लामा 19 वटा मतगणना केन्द्र स्थापना गरिएको छ। 70 वटा सिटका लागि प्रतिस्पर्धा गरिरहेका 6 सय 99 उम्मेदवारहरूको राजनीतिक भाग्यको निर्णय शनिबार हुनेछ। यस चुनावमा कुल 60.42 प्रतिशत मतदान भएको छ।

उत्तराखण्डमा जारी 38औं राष्ट्रिय खेलमा 29  स्वर्ण पदकसहित कर्नाटक शीर्ष स्थानमा

उत्तराखण्डमा जारी 38 औं राष्ट्रिय खेलमा सिक्किमका अन्तर्राष्ट्रिय धनूकाँड़ खेलाड़ी तरूणदीप राईले उत्तराखण्डको देहरादुनमा भइरहेको अड़तीसौं राष्ट्रिय खेलमा कास्य पदक जितेर सिक्किमलाई गौरवान्वित तुल्याएका छन्। प्रसिद्ध धनुर्धर श्री राईलाई आज भएको Archery Recurve  प्रतिस्पर्दामा यो पदक प्राप्त भएको छ। राष्ट्रिय खेलमा सिक्किमको जीतबारे बोल्दै सिक्किम ओलेम्पिक संघका अध्यक्ष श्री जसलाल प्रदान भन्नुहन्छ। यसैबीच सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले यो उल्लेखनीय उपलब्धिका लागि धनुर्धर तरूणदीप राईलाई वधाई दिनुभएको छ। सोसल मीडिया पोस्टमा श्री तामङले भन्नुभएको छ- श्री राईको समर्पण, लगनशीलता र अद्वितीय कौशलले राज्यलाई फेरि गौरव हासिल भएको छ र यसद्वारा अनेकौं आकांक्षी खेलाड़ीहरूलाई प्रेरणा तथा प्रोत्साहन प्राप्त भएको छ। यहाँहरूलाई थाहै होला राष्ट्रिय खेलमा यसपालि छ वटा खेलहरूले सिक्किमले प्रतिद्वन्दिता गरिरहेछ। ताजा पदक तालिका अनुसार 29  स्वर्ण पदकसहित कर्नाटक शीर्ष स्थानमा छ।

क्रिकेट

नागपुरमा इंगल्याण्डले पहिलो एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट मैचमा भारतलाई दुई सय उनचास रनको लक्ष्य दिएको छ।

यशस्वी जायसवाल 15 रन बनाएर आउट भएका छन्।

यस अघि, टॉस जीतेर बल्लेबाजी गर्दै इग्लैण्डको टीमले अड्तालिस औं ओभरमा दुई सय अड्तालिस रन बनाएको थियो।

हर्षित राणा र रवीन्द्र जडेजाले तीन- तीन विकेट लिए।

अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

- परीक्षा पे चर्चाको आठौं संस्करण, आठवटा एपीसोडको एक नयाँ प्रारूपमा आयोजित गरिने
- छत्तीसगढमा गृहमन्त्रीले गर्नुभयो आचार्य विद्यसागरजी महाराजलाई श्रद्धाञ्जली अर्पण
- वैदेशिक यात्रा कानुनी प्रक्रिया अनुसार हुनुपर्ने: भारतीय विदेशमन्त्रीको भनाई
- दिल्ली विधानसभाको मतदानपछि ईभीएम सुरक्षित राखियो
- उत्तराखण्डमा जारी 38औं राष्ट्रिय खेलमा 29  स्वर्ण पदकसहित कर्नाटक शीर्ष स्थानमा